प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# संवत् २०८१ साल मंसिर २८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २८।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ को मस्यौदा उपर प्रदेश लोक सेवा आयोगको परामर्श माग गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आवधिक योजना साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कालीगण्डकी गाउँपालिकाको गाउँपालिका केन्द्र हेरफेरको लागि नेपाल सरकारमा सिफारिस गर्ने। |
| ४. | उद्योग तथा पर्यटन मन्त्रालय | वृद्दिमुखी उद्यमशीलता तथा रोजगारी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ५. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | Project Agreement मा राय/सहमति तथा Project Agreement मा हस्ताक्षर गर्न कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सचिवलाई आधिकारिक प्रतिनिधि तोक्ने। |
| ६. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | यातायात व्यवस्था कार्यालय, लेखनाथको लागि आवश्यक सरकारी जग्गा उपयोग गर्न सहमतिको लागि नेपाल सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने। |
| ७. | स्वास्थ्य मन्त्रालय | गण्डकी आयुर्वेद औषधालय, कास्कीलाई गण्डकी आयुर्वेद अस्पताल, कास्की, धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ, आँपपिपल अस्पताल, पालुङटार, गोरखालाई आँपपिपल असपताल, गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई बुर्तिवाङ अस्पताल, बागलुङ बनाई कार्यालयको नाम संशोधन गर्ने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८१ साल माघ ४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २९।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश बिदा पर्यटन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेशमा चलचित्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक स्वीकृति दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वास्थ्य मन्त्रालयको सचिव पदमा डा. विश्ववन्धु बगालेलाई कामकाजमा खटाउने र डा. विनोद विन्दु शर्मालाई प्रादेशिक स्वास्थ्य तालिम केन्द्रको महानिर्देशक पदमा सरुवा गर्ने। |
| ४. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेशमा खानी तथा खनिज सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको मस्यौदा तर्जुमाको सैद्धान्तिक स्वीकृति दिने। |
| ५. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधान गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ६. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेशको कार्यक्षेत्रभित्र पर्ने उद्योग तथा वाणिज्य फर्महरूको अभिलेख हस्तान्तरण माग गर्ने। |
| ७. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ८. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | लैङ्गिक हिंसा पीडितहरूको लागि सेवा केन्द्रहरूको छुट बजेट व्यवस्थापन गर्ने। |
| ९. | विविध | प्रदेश सचिव श्री राजेन्द्र देव पाण्डेलाई आर्थिक मामिला मन्त्रालय, प्रदेश सचिव श्री नवराज ढकाललाई सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र प्रदेश सचिव श्री टंक प्रसाद पाण्डेलाई गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशमा कामकाज गर्ने गरी खटाइएकोले सो निर्णयलाई समर्थन गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# संवत् २०८१ साल माघ ८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३०।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सभाको अधिवेशन आह्वानका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सचिव पदमा कामकाजका लागि सहसचिव श्री वासुदेव रेग्मीलाई तोक्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा पुरस्कार सिफारिस समितिलाई पूर्णता दिने। |
| ५. | अर्थिक मामिला मन्त्रालय | सामयिक कर असुल गर्ने सम्बन्धमा बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृत दिने। |
| ६. | अर्थिक मामिला मन्त्रालय | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८१ साल माघ २१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३१।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश स्थापना दिवस, २०८१ को अवसरमा मिति २०८१ माघ २२ गते सार्वजनिक बिदा दिने। |
| २. | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | गण्डकी प्रदेश विद्युत विकास विधेयक, २०८१ को मस्यौदालाई गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृत दिने। |
| ३. | वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेश वन नियमावली, २०८१ को अनुसूचीमा संशोधन गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८१ साल फागुन १२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३२।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश आयोजना बैङ्क कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८१ को मस्यौदा उपर प्रदेश लोक सेवा आयोगको परामर्श लिने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्तिको लागि सिफारिस समिति गठन गर्ने। |
| ६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कडा रोग लागेका व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउने। |
| ७. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संघसंस्थालाई दिईने अनुदान सहायता उपलब्ध गराउने। |
| ८. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेशमा खानी तथा खनिज सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ९. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | गण्डकी प्रदेशमा भवन निर्माण तथा बस्ती विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १०. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | त्रिवेणी-दुम्कीबास (हुलाकी राजमार्ग) सडक सफा गरी सञ्चालनका लागि सहमति प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ११. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | भट्टफाँट लुदी खोला सडकपुल (गोरखा-सहिदलखन गा.पा. जोड्ने) को बहुवर्षीय स्रोत सुनिश्चितता गरी खरिद प्रक्रिया अगाडि बढाउन अपुग हुने रकम थप गर्न सहमति प्रदान गर्ने। |
| १२. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १३. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १४. | विविध | लुम्बिनी प्रदेश र गण्डकी प्रदेश सरकारबिचको मिति २०८१ माघ ३० गते दुवै प्रदेशका मुख्यमन्त्रीज्यूको संयुक्त बैठकले गरेका प्रदेशको रणनीतिक विकासका लागि साझा प्रतिवद्धता कार्यान्वयन गर्ने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## संवत् २०८१ साल फागुन २७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३३।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री इन्द्र प्रसाद वस्यालको उद्योग तथा पर्यटन मन्त्रालयमा पदस्थापन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | समपुरक तथा विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम समावेश गर्न नेपाल सरकार मार्फत राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश विकास समस्या समाधान समितिका सदस्य मनोनयन गर्ने |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ६. | आर्थिक मामिला मन्त्रालय | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ७. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | गण्डकी प्रदेशमा प्रदेश खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ८. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८१ साल चैत १२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३४।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश प्रशासनिक संरचना पूनरावलोकन अध्ययन तथा सुझाव समिति गठन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वि.स. २०८२ साल असार २९ गते भानु जयन्ती, असोज २० गते कोजाग्रत पूर्णिमा, माघ २२ गते गण्डकी प्रदेश स्थापना दिवस र चैत १२ गते चैते दशैंको दिन सार्वजनिक बिदा दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न सहमति प्रदान गर्ने। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश वन्यजन्तु उद्दार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ६. | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ७. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# <u>संवत् २०८१ साल चैत २२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः</u>

प्र.मं.प.बै.सं. ३५।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा फलेवास-८, पर्वत निवासी योगेन्द्रराज रिजाल र पोखरा-२७, कास्की निवासी दुर्गा लामिछानेलाई नियुक्ति गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## संवत् २०८१ साल चैत २६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ३६।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको अधिवेशन अन्त्य गर्न गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*